annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १८०, पृष्ठ १० | काठमाडौं, शुक्रबार २१ कात्तिक २०८२ | मंसिर कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४६ | FRIDAY, NOVEMBER 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# चुनावका चुनौती, भागेका कैदीबन्दी




**केशरराज क्षेत्री/ गंगा खड्का** | *बुटवल*

– को रिपोर्ट

समाचार पृष्ठ २

सरकारले फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति तोकेको छ। त्यसैअनुसार सरकारका सबै संयत्र चुनावको चटारोमा जुटेका छन्। तर, जेन-जी आन्दोलनकै क्रममा देशभरका कारागारबाट भागेका ४ हजार ७ सय ६६ जना कैदीबन्दी अझै फरार छन्। हत्या, हिंसालगायत गम्भीर अपराधमा दोषी ठहर भएकाहरू सरकारको नियन्त्रणमा नआउँदा सर्वसाधारणमा त्रास छ।

त्यति मात्र होइन, आन्दोलनमा लुटिएका प्रहरीका ५ सय बढी हतियार पनि फिर्ता भएका छैनन्। त्यसैकारण, सरकारले तोकिएकै मितिमा चुनाव गर्न फरार कैदीबन्दी र लुटिएका हतियार नियन्त्रणमा लिएर ढुक्कले मतदान गर्न पाउने वातावरण सिर्जना गर्नुपर्ने खाँचो देखिएको जानकारहरू बताउँछन्।

## कांग्रेसमा गुटगत भेला, महाधिवेशनको मितिमै गलफत्ती



**राधा खनाल** | *काठमाडौं*

कांग्रेसको केन्द्रीय कमिटी बैठक चल्न थालेको करिब एक महिना भयो। पार्टीको महाधिवेशन निर्वाचन अगाडि गर्ने कि पछाडि भन्ने विवादले केन्द्रीय कमिटी बैठक लम्बिँदै गएको छ। महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मा, डा. शेखर कोइरालाहरू चुनाव अघि सके नियमित, नभए विशेष महाधिवेशन गर्नुपर्ने पक्षमा छन्। महामन्त्री थापाले त पुस १६ देखि १९ गतेसम्म १५ औं महाधिवेशन गर्न केन्द्रीय समितिमा कार्यतालिका नै पेस गरेका छन्। तर, संस्थापन पक्ष भने चुनाव छ मात्रै महाधिवेशनको पक्षमा छ। महाधिवेशनको मिति विवाद बढ्दै गएपछि संस्थापन र इतर पक्षले आफू पक्षीय गुटगत भेलालाई तीव्रता दिन थालेका छन्।

महामन्त्री थापाले केन्द्रीय समिति बैठकमा छलफल गर्न भन्दै १० एजेन्डा राखेका थिए। यद्यपि बैठकको छलफल भने फागुन २१ गतेअघि महाधिवेशन गर्ने वा चुनावपछि गर्ने भन्नेमै केन्द्रित छ।

केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्यहरूले आक्रमक रूपमा धारणा पनि राख्न थालेका छन्। यद्यपि बैठकमा कांग्रेसका दुई गुट संस्थापन पक्ष र इतर पक्षले आआफ्ना अडान भने छोडेका छैनन्। दुवै पक्षले हरेक दिन छुट्टाछुट्टै गुटका भेला राख्दै आएका छन्। संस्थापन सभापति शेरबहादुर देउवानिकट कतिपय नेताहरूले वैशाखमा महाधिवेशन उचित हुने भन्ने तर्क राख्दै आएका छन्। भने इतर पक्षले निर्वाचन अघि नियमित गरिनुपर्ने यदि नियमित गर्न सकिएन भने मात्र विशेष गरिनुपर्ने तर्क राख्दै आएका छन्।

कांग्रेसमा विशेष महाधिवेशन माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले असोज २९ गते हस्ताक्षर पनि बुझाएका थिए। उनीहरूले विशेष महाधिवेशन प्रक्रिया थाल्न अर्कोतिर चर्को दबाब दिएका छन्।

बिहीबारको बैठकमा बोल्दै कांग्रेसका नेता अर्जुननरसिंह केसीले छोटो समयको तयारीमा पनि महाधिवेशन गर्न सकिने बताएका छन्। संस्थापन पक्षका कतिपय नेताले समय अभावले चुनाव अघि महाधिवेशन गर्न नसकिरहेको बताइरहेको बेला केसीले विगतको उदाहरणसमेत पेस गरेका थिए।

» विस्तृत पृष्ठ ३

# जानकी माविको करोडौंको जग्गा हिनामिना

### शिक्षाको मन्दिरलाई आफ्नै अस्तित्व जोगाउन गाह्रो




धराशायी बन्दै गएको जानकी माध्यमिक विद्यालय। ● मनिका झा

**मनिका झा/ गोविन्द महतो** | *जनकपुरधाम*

नेपालकै शैक्षिक धरोहर र जनकपुरको सबैभन्दा पुरानो विद्यालयमध्येको जानकी माध्यमिक विद्यालयको साबिकको सम्पत्ति करोडौंको छ। तर, भएका सम्पत्तिलाई विद्यालय प्रशासनले संरक्षण गर्न सकेन। जसको परिणामस्वरूप अहिले विद्यालय आर्थिक अभावका कारण धराशायी बन्ने अवस्थामा पुगेको छ।

२०२१ सालमा साकेत विहारी रामजानकी मन्दिरभित्रै रहेको भवनहरूलाई मन्दिरका तत्कालीन महन्थ मौनी बाबाले विद्यालय सञ्चालनका लागि दान दिएका थिए। त्यसभन्दा पहिले २०२० सालसम्म सो जानकी आधारभूत विद्यालय जनकपुरको गंगासागरको डिलमा रहेको झुलाघरस्थित भवनमा सञ्चालित थियो। सुर्खी (माटाको लेप र चुना) ले इँटा जोडेर निर्माण गरिएको निकै पुरानो मन्दिरको भवनमा सञ्चालित विद्यालयका कक्षाकोठाहरू निकै कमजोर भइसकेका छन्। 'सबै कक्षाकोठामा बर्खाको बेला पानी चुहिन्छ। पर्खालहरू कुनै पनि बेला ढल्ने खतरा छ। भवनमर्मत सम्भार गराउन कहीँ कतैबाट कुनै सहयोग छैन,' जानकी माविका प्रधानाध्यापक जगदीश साह भन्छन्, 'हुन त विद्यालयको करोडौंको सम्पत्ति छ तर, सबै अतिक्रमणमा छ। हाम्रो आफ्नो आम्दानीको स्रोत केही छैन्। हामी भवन मर्मतसम्भारका लागि पनि अर्काको मुख ताक्नुपर्ने र सहयोग कुर्नुपर्ने बाध्यता छ।'



> विद्यालयको करोडौंको सम्पत्ति छ तर, सबै अतिक्रमणमा छ। आम्दानीको स्रोत केही छैन। भवन मर्मत सम्भारका लागि पनि अर्काको मुख ताक्नुपर्ने र सहयोग कुर्नुपर्ने बाध्यता छ।
>
> **जगदीश साह**
> प्रधानाध्यापक, जानकी मावि

जनकपुरधाम उपमहानगरपालिका–९ स्थित जानकी माविको उपमहानगरपालिकाको ८ नम्बर वडामा समेत गरी जम्मा १७ कट्ठा ७ धुर र ८ कन्मा जग्गा छ। नापी शाखा धनुषाबाट प्राप्त तथ्यांकअनुसार विद्यालय रहेको ७ कट्ठा जग्गासहित सहरका महत्त्वपूर्ण स्थानहरूमा १० कट्ठाभन्दा बढी जग्गा रहेको छ। तर, हाल विद्यालय रहेको वडा नम्बर ९ को सि.नं. १३५५–१२ को कित्ता नम्बर ७५ को ७ कट्ठा ४ धुर जग्गामात्रै विद्यालयको अधीनमा छ। अन्य सबै जग्गामा स्थानीयहरूले अतिक्रमण गरेका छन्। तर, अतिक्रमण हटाउन विद्यालयलाई कहीँ कतैबाट सहयोग छैन।

विद्यालयको जनकपुरधाम– ८ मा सि.नं. १३५५–०६ को कित्ता नम्बर ७३ को ४ कट्ठा ४ धुर २ कन्मा, सि.नं. १३५४– १० को कित्ता नं. ५२ को १ कट्ठा, सि.नं. १३५५–०७ को कित्ता नं. १३० को १ धुर ३ कनमा जग्गा अतिक्रमित छ। त्यसैगरी सिट नं. १३५५–१२ को कित्ता नं. १३ को १९ धुर १ कन्मा, सि.नं. १३५५–०७ को कित्ता नं. १०१ को १७ धुर, १३५५–०७ को कित्ता नं. १२९ को १ कट्ठा १ कन्मा र १३५५–१२ को कित्ता नं. ३७ को २ कट्ठा १ धुर १ कन्मा जग्गामा जनकपुरका चर्चित व्यक्तिहरूले नै वर्षौंदेखि कब्जा जमाएका छन्।

» बाँकी पृष्ठ ८

## बिनाशकारी आँधी भियतनामतर्फ

**हनोई** (एजेन्सी) : फिलिपिन्समा बितन्डा मच्चाउँदै कम्तीमा ११४ को ज्यान लिएको समुद्री आँधी कालमेगी अब भियतनामतर्फ सरेको छ। भियतनामको तटीय क्षेत्रमा १४९ किलोमिटर प्रतिघण्टाको बेगले आएको आँधीले ढालेका रूखले गर्दा त्यहाँको बाटोहरू अवरुद्ध भएका छन्।

पहिले नै वर्षा र बाढीसँग जुधिरहेको भियतनामले अब यस वर्षको एसियाको सबैभन्दा शक्तिशाली आँधीको सामना गर्नुपर्ने छ। ८ मिटर (२४ फिट) सम्म छालहरू आउन सक्ने चेतावनी दिइएको छ। देशका ६ वटा विमानस्थलहरू बन्द गर्न बाध्य पारिएका छन्। यसले सयौं उडानहरू प्रभावित हुने सरकारले जनाएको छ। कालमेगीलाई धेरै असामान्य आँधी भन्दै भियतनामका उपप्रधानमन्त्री ट्रान होङ हाले स्थानीय अधिकारीहरूलाई यसबाट सुरक्षित रहनका लागि तत्काल उपाय खोज्न आग्रह गरेका छन्।

यसअघि नै आएको बाढीले भियतनाममा कम्तिमा ३५ को मृत्यु भएको छ भने करिब १ लाख घर डुबानमा परेका छन्।

